निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ व २०८२।०८३ को निति तथा कार्यक्रम एवं बार्षिक बिकास कार्यक्रम प्रभावकारी र प्रतिफलमुखी बनाउने प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बिषयगत समितिहरुले मिति २०८२।०२।१८ गते भित्र आ आफ्नो बिषयगत समिति अन्तर्गतका क्षेत्रहरुमा घनिभूत रुपमा छलफल गरि प्राथमिकताका साथ निर्णय गर्नुपर्ने र सो प्राथमिकता तथा निर्णय उपर मिति २०८२।०२।१८ गते बाट समिक्षा तथा छलफल गरि यथार्थपरक तथा बार्षिक निति तथा कार्यक्रम तर्जुमा कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा पासकुण्ड बगर खोला बगर क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् सकंलन गर्ने सम्बन्धमा प्रकाशित सूचना अनुरुप आएका प्रस्तावहरु मध्ये श्री सिद्धबाबा सुरुङ मार्ग आयोजनाले प्राविधिक कारणवश खरिद प्रकृयाबाट अलग हुने भनि निवेदन पेश गरेकोले श्री गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल आयोजना लाई प्रस्ताव गरेको दररेट मा प्रचलित मापदण्ड बमोजिम नदिजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्रिको लागि प्रस्ताव स्विकृत गरि आय ठेक्का व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी तिनाउ शाखाले शाखाद्धारा सञ्चालित एम्बुलेन्स सञ्चालन गर्न कठिनाई भएको भनि यस गाउँपालिकाको कार्यालयलाई हस्तान्तरण गर्न इच्छुक रहेको व्यहोरा अवगत गराउदै पत्राचार गरेकोमा विगतको कुनै दायित्व बहन नगर्ने गरि नियमानुसार बरबुझारथ प्रकृया अगाडी बढाउने निर्णय गरियो।

साथै नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा,तानसेन पाल्पाले एम्बुलेन्स सञ्चालन तथा रक्तसञ्चार व्यवस्थापनको लागि अनुदान सहायता माग गरेकोमा प्रस्तावना पेश गर्न लगाई प्रतिबद्धता पत्र संलग्न गरि नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार अनुदान शिर्षकको रकम अनुदान सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय स्काउट कार्यालय,तिनाउ गाउँपालिका,पाल्पाले कार्यक्रम सञ्चालनको लागि आर्थिक सहायता माग गरेकोमा शैक्षिक सुधार कार्यक्रम खर्च शिर्षकबाट रु.तिन लाख रुपैयाँ मात्र। उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा गर्भवती,सुत्केरी र किशोरीहरुको लागि आवश्यक पर्ने आइरन तथा फोलिक एसिड चक्की हालसम्म स्वास्थ्य कार्यालयले उपलब्ध गराईरहेकोमा उपलब्ध गराउन नसक्ने भन्ने पत्राचार गरेकोमा हाललाई व्यवस्थापनको लागि खर्च शिर्षक २२५२२, संकेत नं ६१३.२१.१.३४४ को स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा,गर्भवती उत्प्रेरणा सेवा समेतको कार्यक्रमबाट खर्च गर्ने गरि रु.एक लाख रुपैया मात्र। को नियमानुसार खरिद प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा सुविगो मिडिया प्रा लि ले सवलीकरण सम्बन्धी बहस कार्यक्रम गर्नको लागि प्रस्तावना पेश गरेकोमा स्रोत सुनिश्चितता हुन नसकेकोले आगामी आर्थिक बर्षमा आवश्यकताका आधारमा मूल्यांकन गरि प्रकृया अगाडी बढाउने निर्णय गरियो।